Regd. No.: 97295/069/070

Infrastructure & Development Ltd.
Kathmandu,Nepal

NRN Infrastructure & Development Ltd.

Ref. No.: NRNIDL-78/79-80

मिति : २०७८/०९/०२

श्रीमान महा-प्रबन्धकज्यू
नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : **प्रस्तावित बोनस शेयर तथा नगद लाभांश र शेयरधनी दर्ता किताब बन्द हुने मितिको जानकारीका सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस एन.आ.एन. इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको सञ्चालक समितिको मिति २०७८/०९/०२ गते शुक्रबार दिउँसो २ बजे बसेको बैठकबाट निम्नानुसारका निर्णयहरु भएको व्यहोरा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ४३ तथा धितोपत्र सुचिकरण सम्झौता बमोजिम तहाँ नेपाल स्टक एक्सचेन्ज लि.को जानकारीका लागि यो निवेदन गरेको व्यहोरा सादर अनुरोध छ ।

तपसिल

१. आ.व. २०७७/०७८ को वितरण योग्य संचित मुनाफा मध्येबाट साधारण सभा प्रयोजनका लागि शेयर दाखिल खारेज बन्द भएको अघिल्लो दिन सम्म कायम शेयरधनीहरुलाई कम्पनीको वित्तिय विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूँजीको ५ प्रतिशले हुने रु. ५,८२,४८,२००/- (अक्षरेपी पाँच करोड बयासी लाख अठचालिस हजार दुई सय रुपैयाँ मात्र) बराबरको ५,८२,४८२ कित्ता बोनस शेयर र सोमा लाग्ने लाभांश कर वापत भुक्तानी गर्नका लागि ०.२६ प्रतिशतका दरले रु. ३०,६५,६९५/- (अक्षरेपी तीस लाख पैंसठ्ठी हजार छ सय पन्चानब्बे मात्र) बराबरको नगद लाभांश वितरण गर्न सिफारीस सहित आगामी वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्ने ।

२. यस कम्पनीको नवौं वार्षिक साधारण सभा यही मिति २०७८/०९/२९ गते (तदनुसार १३ जनावरी, २०२२) बिहिबारका दिन गर्ने र उक्त वार्षिक साधारणसभा तथा बोनस शेयर प्रयोजनका लागि मिति २०७८/०९/१५ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०९/१४ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ. व. २०७७/७८ सम्मको वितरण योग्य संचित मुनाफाबाट नगद लाभांश पाउन योग्य हुनेछन् ।

भवदिय,

Infrastructure & Development Ltd.
Kathmandu,Nepal

....
बद्रि विशाल घिमिरे
(कम्पनी सचिव)